# टोल विकास संस्था गठन कार्यविधि सम्बन्धी अभिमुखीकरण

• रोल्पा समाचारदाता
लिबाङ, रोल्पा

राम्रो नगर राम्रो नगर बनाउने अभियानमा लागेको रोल्पा नगरपालिकाले सरोकारवाला निकायहरुलाई जनचेतना प्रदान गर्ने कार्य जारी राखेको छ । रोल्पाको लिबाङलाई सुन्दर, स्वच्छ बनाउने अभियान सहित सचेतना प्रदान गर्ने कार्यमा कार्यालय जुटीरहेको छ ।

यसैक्रममा टोल विकास संस्था गठन कार्यविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम रोल्पाको लिबाङमा आयोजना गरिएको छ । रोल्पा नगरपालिकाको कार्यालय रोल्पाको आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि निमित्त प्रमुख जिल्ला अधिकारी अनुनय बास्तोला, एमालेका नन्दकुमार आचार्य, नेकपा (माओबादी केन्द्र)का फबिन्द्र आचार्य क्षितिज, राप्रपाका खिमबहादुर केसी, राजमोका केबी थापा, होटल ब्यवासयी संघका अध्यक्ष हरी बहादुर घर्तीमगर , मालपोत टोल विकास समितिका अध्यक्ष बिना मल्ल, अन्य विभिन्न टोल विकास संस्थाका पदाधिकारीहरु, वडा नागरिक मञ्चका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

कार्यकारी अधिकृत कमानसिंह थापामगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महेन्द्र शर्माले गर्नुभएको थियो भने स्वागत मनतब्य लेखापाल गोपाल वलीले दिनुभएको हो ।

कार्यक्रममा कार्यकारी अधिकृत कमानसिंह थापामगर, कार्यक्रम अधिकृत नमराज रोका, सरसफाई फोकल पर्सन बिपिन कुँवर, ईन्जीनियर मुक्तिराम कुँवर लगायतले कार्यक्रममा कार्यपत्र प्रस्तुतीकरण सँगै सहजीकरण गर्नुभएको थियो ।

उहाँहरुले सरोकारवाला निकायहरुको हातेमालोले मात्रै रोल्पा नगरपालिकालाई सुन्दर र स्वच्छ बनाउन सकिनेमा जोड दिनुभयो । जसका लागि टोल विकास संस्थाहरुको गठन र कार्यबोधका लागि झकझक्याने अभियानको थालनी भएको समेत उदघोष गर्नुभएको थियो ।

रोल्पा जिल्लाबाट प्रकाशित पहिलो र नेपाल सरकारबाट मान्यता प्राप्त